# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं

## शासकीय सुधारका एकसय कार्यसूचीमध्ये

# पहिलो एकसय दिने प्रगति प्रतिवेदन

# असार २०८३

@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०

info@tourism.gov.np

# पृष्ठभूमि

मिति २०८२ चैत्र १३ गते बसेको मन्त्रिपरिषद् बैठकबाट पारित **शासकीय सुधारका एक सय कार्यसूची** अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित सुशासनका कार्यसूचीहरू कार्यसम्पादन सूचक सहितको **समयबद्ध कार्ययोजना तयार गरी कार्यान्वयनमा** ल्याइएको छ। शासकीय सुधारका कार्यसूचीहरू मध्ये मन्त्रालयसँग सम्बन्धित **मुख्य बुँदाहरू ७२ र ७३ मा समावेश कार्यहरू तोकिएको समयसिमाभित्र सम्पन्न** गरिएको छ। यस मन्त्रालयसँग सम्बन्धित अन्य कार्यहरू मध्ये अधिकांश सम्पन्न भई सकेका, केही सम्पन्न हुने चरणमा रहेका र तोकिएको समयभित्र सम्पन्न हुने लक्ष्य मन्त्रालयले लिएको छ। यसका अलावा सुधारका विविध कार्यहरू अगाडि बढाईएका छन् जसबाट मन्त्रालयको **समग्र सेवा प्रवाहको क्षेत्रमा प्रभावकारिता** हासिल हुनुका साथै **कार्यसम्पादनमा समेत अभिवृद्धि** भएको छ।

@moctca

# शासकीय सुधार अन्तरगत
# १०० दिनका प्रमुख उपलब्धि: एक झलक

नीतिगत तथा कानूनी दस्तावेज स्वीकृत

नेपालगञ्ज, सुर्खेत र धनगढी विमानस्थलमा नि:शुल्क सटल बस सेवा शुरु

नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक तथा नियामक निकायको रुपमा रुपान्तरण गर्ने विधेयकको अन्तिम मस्यौदा तयार

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सेप्टेम्बर २०२६ देखि Fly Dubai को नियमित उडानको सुनिश्चितता सहित अन्य वायुसेवासँग पहल

@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०

info@tourism.gov.np

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान र पर्वतीय प्रशिक्षण प्रतिष्ठानको एकिकरण

सबै वायुसेवा कम्पनीहरूको हवाई टिकट अनलाइन प्रणालीबाट बिक्री गर्ने व्यवस्था

राष्ट्रिय आरोग्य पर्यटन रणनीति २०२६-२०३५ कार्यान्वयनसँगै सन् २०२७ लाई "राष्ट्रिय आरोग्य वर्ष" घोषणा सहित आरोग्य पर्यटनको विकास

आकर्षक पर्यटकीय गन्तव्यका सम्भावित ट्रेकिङ रुटहरूको पहिचान गरी व्यवस्थित पर्यटनका लागि कार्यान्वयनयोग्य खाका तयार

@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०
info@tourism.gov.np

रामजानकी मन्दिरलाई संरक्षित स्मारक क्षेत्र घोषणाको तयारी

नेपाललाई EU Air Safety List बाट हटाउन आवश्यक प्रक्रिया अघि बढाइएको

नेपाल पर्यटन बोर्डको पुनर्संरचना सम्बन्धि प्रारम्भिक खाका तयार

नेपाल वायुसेवा निगमको पुनर्संरचना सम्बन्धि अध्ययन भइरहेको

प्रदेश र स्थानीय तहमा पर्यटन तथा आतिथ्यता सम्बन्धी तालिम सञ्चालन

@moctca

# प्रमुख पर्यटकीय क्षेत्र विकास योजना (बुँदा ७२)

- **उदयपुर (कोशी नदी आसपास), अछाम (रामारोशन), दोर्दी हिमाल ट्रेकिङ्ग रुट, सिकलेस-कोरी-कहुपुचे-हुगु- दुधपोखरी-मनाङ्ग** लगायतका क्षेत्रमा अध्ययन गरी **सम्भावित ट्रेकिङ रुटहरूको पहिचान** गरी व्यवस्थित पर्यटनका लागि कार्यान्वयनयोग्य खाका तयार भई **आ.व. २०८३/०८४ को बजेट कार्यक्रममा समावेश** गरिएको छ।

- निर्माणाधीन **बाजुरा बडिमालिका, अपी हिमाल ट्रेकिङ् रुटको निर्माण कार्य निरन्तर** भैरहेको छ। साथै, गर्न सकिने थप कार्यका सम्बन्धमा पर्यटन विभागबाट अध्ययन गरी कार्यान्वयनयोग्य खाका तयार भई **आ.व. २०८३/८४ को बजेट कार्यक्रममा समावेश** गरिएको छ।

- **छायाँ क्षेत्र, रारा, पाथिभरा** लगायतको नेपालका अन्य पहिचान भएका गन्तब्यहरू समावेस गरी **एकीकृत विकास खाका** तयार भई **आ.व. २०८३/८४ को बजेट कार्यक्रममा समावेश** गरिएको छ।

@moctca

# आरोग्य पर्यटन प्रवर्द्धन रणनीति (बुँदा ७३)

- **नेपाललाई आरोग्य पर्यटन** (पूर्वीय दर्शन, ध्यान, योग, प्राकृतिक चिकित्सा लगायत) **को हब बनाउन राष्ट्रिय आरोग्य पर्यटन रणनीति (सन् २०२६-२०३५) तथा कार्ययोजना (सन् २०२६-२०३०)** जारी गरी कार्यान्वयनमा रहेको।
- आरोग्य पर्यटनलाई आर्थिक रूपान्तरणको राष्ट्रिय एजेन्डाको रूपमा लिई **"Nepal Wellness Year 2027" मनाउन** अवधारणा पत्र सहितको **कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार** भएको छ।
- नेपालको प्रस्तावमा **संयुक्त राष्ट्र संघले अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने निर्णय** गरेकोमा उक्त प्रस्तावमा मतदान गर्ने सबै सदस्य राष्ट्रहरूलाई नेपाल सरकारले धन्यवाद ज्ञापन गरेको छ। साथै, **प्रथम अन्तराष्ट्रिय आरोग्य दिवस** मिति २०८३ बैशाख २ गते (तदनुसार सन् २०२६, १५ अप्रिल) टुडिखेल, काठमाडौमा **सम्पन्न गरियो।**

@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०
info@tourism.gov.np

- **Nepal Wellness Year 2027 (नेपाल आरोग्य वर्ष सन् २०२७)** भव्यताका साथ सम्पन्न गर्न मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा **१७ सदस्यीय अन्तरनिकाय समन्वय समिति गठन** भई समन्वयका कार्यहरू भैरहेका छन्।



@moctca

- **आ.व. २०८३/८४ को बार्षिक बजेट तथा कार्यक्रममा** आरोग्य पर्यटन प्रवर्धन तथा **आरोग्य पर्यटन बर्ष २०२७ कार्यक्रम समावेश** गरिएको छ।



# साझा प्रतिबद्धता, समन्वय र जनविश्वास

## नतिजामा आधारित शासकीय प्रबन्ध (Delivery–Based Governance) (बुँदा २)

- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट २०८२ चैत्र १५ गते प्राप्त पत्र बमोजिम यस मन्त्रालयबाट **नतिजामा आधारित शासकीय प्रबन्ध (Delivery–Based Governance)** लागू गर्न **प्रमुख १० कार्यको कार्यसम्पादन सूचक सहितको कार्ययोजना तयार** गरी कार्यान्वयन गरिएको।

@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०
info@tourism.gov.np

१. विमानस्थलमाबाट यात्रुहरूको आवागमनमा सहजताको लागि **नेपालगञ्ज, सुर्खेत, धनगढी विमानस्थलमा १/१ वटा विद्युतीय सटल बस र २ वटा विद्युतीय बसहरू लुम्बिनीमा संचालनमा** रहेका। यसबाट हवाई यात्रुलाई विमानस्थलबाट आवागमनमा सहजता भएको।



@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०
info@tourism.gov.np

२. पर्यटन विभागबाट सम्पादन हुने कार्यमा **८० प्रतिशतभन्दा बढी GIOMS प्रणाली मार्फत सम्पादन** हुने गरेको। आगामी आ.व.बाट **पूर्ण रूपमा डिजिटल माध्यमबाट सेवा प्रवाहको आधार तयार** भएको छ।

३. सम्भावित विश्व सम्पदा सूचीमा रहेको **रामजानकी मन्दिरलाई संरक्षित स्मारक क्षेत्र घोषणा** गरी चारकिल्ला तोक्ने विषयमा नेपाल सरकार (मन्त्रिपरिषद) समक्ष प्रस्ताव पेश भएको।

४. सबै वायुसेवा कम्पनीहरूको **हवाई टिकट अनिवार्य रूपमा अनलाइन प्रणालीबाट बिक्री गर्ने व्यवस्था** अन्तर्गत स्वीकृत उडान हुने दिनको सम्पूर्ण टिकट बिक्री नहुँदासम्म आन्तरिक तर्फको सम्पूर्ण वृत्त खण्डको **एयरलाइन्स website online System, e–Sewa लगायतका e–payment portal बाट टिकट बिक्री गर्ने व्यवस्था** भईसकेको छ।

@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०
info@tourism.gov.np

५. नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक तथा नियामक निकायको रूपमा रूपान्तरण गर्ने सम्वन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट विधेयक उपर राय प्राप्त गरी **नियमावलीको अन्तिम मस्यौदा तयार** भएको छ।

६. नेपाल पर्यटन बोर्डको **पुनर्संरचना सम्बन्धि प्रारम्भिक खाका** तयार भएको।

७. मन्त्रालय अन्तर्गतका प्रतिष्ठान, समिति, संस्थान लगायतका निकायहरूको **पुर्नसंरचना, खारेजी एवम् एकीकृत गर्ने सम्बन्धमा अध्ययन कार्य सम्पन्न** भएको।

@moctca

# राष्ट्रिय प्रतिबद्धताको नीति-कार्यक्रम तथा बजेटमा आबद्धता (बुँदा ३)

**राष्ट्रिय प्रतिबद्धता** अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसँग सम्वन्धित सबै प्राथमिकतालाई **आ.व. २०८३/८४ को नीति-कार्यक्रम तथा बजेटमा समावेश** गरिएको छ। राष्ट्रिय प्रतिबद्धता अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसँग सम्वन्धित प्राथमिकताहरू यसप्रकार छन् -

१. नेपाल भित्रिने पर्यटक सङ्ख्या र औसत बसाइँ बढाई गुणस्तरीय पर्यटनको आधार तयार गरी **पाँच वर्षभित्र प्रतिव्यक्ति** खर्च दोब्बर पारिने छ।

२. पर्यटनलाई विविधीकरण गर्न प्रकृति, संस्कृति र समुदाय जोड्दै **नयाँ "इकोसिस्टम" तयार** गरिने छ।

३. पशुपतिनाथ, लुम्बिनी, काठमाडौं उपत्यकाको संस्कृति तथा वास्तुकला, देवघाटदेखि मुक्तिनाथसम्मको हिन्दु-बौद्ध धार्मिक मार्ग तथा जनकपुरलाई **धार्मिक-सांस्कृतिक पर्यटन केन्द्रका रूपमा विकास** गर्न विशेष पूर्वाधार निर्माण गर्ने।

@moctca

४. प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र समुदायको सहकार्यमा सन् **२०२७ लाई "राष्ट्रिय आरोग्य वर्ष"** का रुपमा मनाई आरोग्य पर्यटनको विकास गर्ने।

५. नेपाली सभ्यता, जीवनशैली, स्थानीय भेषभूषा, रैथाने खानपान र शिल्पकलासहितको **पर्यटन प्याकेज तथा होमस्टे सञ्चालन** गर्ने।

६. **"सफा हिमाल: सुरक्षित आरोहण" अभियान** सञ्चालन गर्दै थप पर्यटकीय गन्तव्यको विकास गर्ने।

७. साल्पा सिलिचुङ, बौद्ध, स्वयम्भू, नमोबुद्ध, लुम्बिनी, मुक्तिनाथ, हलेसी महादेव, पिण्डेश्वर, दन्तकाली, गोसाइँकुण्ड, पशुपतिनाथ, पाथीभरा तथा मुकुम्लुङ-सुम्निमा-पारुहाङ लगायतका स्थानलाई **धार्मिकस्थल घोषणा गरी पर्यटन केन्द्रका रुपमा विकास** गर्ने।

८. प्रदेश र स्थानीय तहमा **पर्यटन तथा आतिथ्यता सम्बन्धी तालिम** कार्यक्रम सञ्चालन गर्ने।

९. मौसमी पर्यटन प्रवर्धनका लागि **अफ-सिजन प्याकेज तथा विशेष कार्यक्रम** सञ्चालन गर्ने।

@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०
info@tourism.gov.np

१०. पर्वतारोहण प्रवर्धनका लागि नयाँ **हिमाल खुला गर्ने।**

११. **सार्वजनिक-निजी साझेदारीमा** होटल, रिसोर्ट, एडभेन्चर सेवा र इको टुरिज्म सञ्चालन गर्ने।

१२. नेपाल नागरिक उड्डयन प्राधिकरणलाई **सेवा प्रदायक र नियामक गरी दुई स्वायत्त निकायका रूपमा विकास** गरी हवाई सुरक्षा सुदृढ गर्ने।

१३. **पोखरा र भैरहवा विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन** गरी विश्वका प्रमुख सहरबाट सिधा उडान सञ्चालन गर्ने।

१४. पर्यटन पूर्वाधार, बजार प्रवर्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षा तथा नयाँ गन्तव्यको विकासमार्फत नेपालको अनुपम र विशिष्ट विशेषताको **विश्व बजारमा ब्रान्डिङ** गर्ने।

@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०

info@tourism.gov.np

## आयोग/समिति/कार्यदलका सिफारिस कार्यान्वयन (बुँदा ८)

यस अवधिमा मन्त्रालयले विभिन्न विषयमा अध्ययन/अनुगमन गरी सुधारका सुझावसहित प्रतिवेदनहरू प्राप्त गरेको र त्यस्ता सुझावहरूलाई मन्त्रालयको अधिकारक्षेत्रभित्र रही कार्यान्वयनमा लैजान **आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया सुरू** भएको।

## सेवा प्रवाह सरलीकरण तथा Business Process Re–engineering - BPR (बुँदा १०)

सेवा प्रवाहमा रहेका अनावश्यक तथा दोहोरिएका प्रक्रिया हटाई, **निर्णयका स्वीकृति तीन तहमा सीमित** गर्न आवश्यक कार्यविधि, मापदण्ड र अनुगमन प्रणाली विकास गरी **सेवा प्रवाहलाई सरल, छिटो र परिणाममुखी** बनाइएको छ।

@moctca

# अन्य उल्लेखनीय कार्यहरु

१. **संग्रहालय सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८३ स्वीकृत** भएको।

२. पशुपति क्षेत्रभित्रको **अतिक्रमित क्षेत्र खाली गराई संरक्षण, व्यवस्थापन** तथा भावी उपयोगको प्रक्रिया अघि बढाइएको।

३. पशुपति क्षेत्रमा रहेका सहयोगापेक्षी व्यक्तिहरुको संरक्षण तथा व्यवस्थापनका लागि तिलगङ्गास्थित भवनमा **होल्डिङ सेन्टर स्थापना** गरी सञ्चालनमा ल्याइएको।

४. पुरातात्विक सम्पदाको डिजिटल इन्भेन्टरीका लागि **डिजिटल अर्काइभको पहिलो चरण सम्पन्न।**

५. दुई वर्षपछि राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिको बैठक बसी **राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम (आठौं संस्करण) स्वीकृत।**


६. विमानस्थल सुरक्षा सुदृढीकरणका लागि नेपाल प्रहरी अन्तर्गत छुट्टै **Aviation Security Wing गठन गर्न गृह मन्त्रालयलाई सिफारिस** गर्ने निर्णय।

७. गाउँ पर्यटन प्रवर्धनका लागि **"गाउँ पर्यटन मार्ट २०२६" बन्दीपुर, तनहुँमा आयोजना।**

@moctca

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०

info@tourism.gov.np



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-
च.नं.

प्रेस विज्ञप्ति

यस मन्त्रालयले विभिन्न समुदायहरुको पहिचान एवम् अभिलेखीकरणमार्फत् अभौतिक सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्वन्धित समुदायबाटै गर्ने कार्यलाई निरन्तरता दिन अभौतिक सांस्कृतिक सम्पदाहरुको राष्ट्रिय सूचीकरण कार्य थालनी गरेको छ । नेपालको सांस्कृतिक सम्पदा संरक्षण एवम् व्यवस्थापनमा यस किसिमको कार्यको सुरुवात भएको सन्दर्भमा अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ मा भएको प्रावधान बमोजिम आ.ब. २०८२/०८३ मा तपसिलको अभौतिक सांस्कृतिक सम्पदालाई नेपाल सरकार (मा. मन्त्रीस्तर) मिति २०८३/२/२७ को निर्णयानुसार राष्ट्रिय सूचीमा सूचीकरण गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल

| क्र.स. | सम्पदा तत्वको नाम | आवेदक (व्यक्ति, परिवार, समुदाय, संस्था) | सम्पदाको विधा | अभ्यास गर्ने समुदाय | ठेगाना प्रदेश/जिल्ला/गा.पा./न.पा./टोल) |
|---|---|---|---|---|---|
| १. | लदी (कोशी) पूजा | चिनी मायाँ माझी, नेपाल माझी उत्थान सङ्घ | सामाजिक व्यवहार, अनुष्ठान, जात्राहरू | माझी समुदाय | बागमती, सिन्धुली, मरिण गाउँपालिका बडा नं. ५ र ६, कपिलाकोट |
| २. | भूमे पर्व | बागलाल बुढामगर, भूमे पर्व संरक्षण नेपाल | सामाजिक व्यवहार, अनुष्ठान, जात्राहरू | मगर समुदाय | लुम्बिनी, रुकुम पूर्व, भूमे गाउँपालिका, वडा नं. २, काँकी |
| ३. | जिब्रोछेड्ने जात्रा | सजीव श्रेष्ठ, मध्यपुर थिमी ५, बोडे | सामाजिक व्यवहार, अनुष्ठान, जात्राहरू | नेवा (श्रेष्ठ, ज्यापु, नकर्मी) समुदाय) | बागमती, भक्तपुर, मध्यपुर थिमी नगरपालिका, वडा नं. ८, बोडे |
| ४. | श्रीनीलवाराही गण नाच | विनोद ख्गु, मध्यपुर थिमी ८, बोडे | अभिनय मञ्चन कला | नेवा (श्रेष्ठ, ज्यापु, नकर्मी) समुदाय) | बागमती, भक्तपुर, मध्यपुर थिमी नगरपालिका बडा नं. ८, बोडे |
| ५. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

मिति: २०८३/२/२८ गते

(जयनारायण आचार्य)

८. ५ अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण तथा सम्बद्ध संस्थाको सम्मान सम्पन्न ।



९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रका सरोकारवालासँग **"स.प.ना. संवाद" कार्यक्रम** अन्तरगत पहिलो चरणमा **हवाई उद्योगको आर्थिक स्थायित्व र सुरक्षा विषयक संवाद** मिति २०८३ असार १५ गते सम्पन्न ।



१०. दुई सिफ्टमा सरसफाइकर्मी परिचालन गरी पशुपति क्षेत्रको दैनिक सरसफाई व्यवस्थित गरिएको ।




११. Nepal Tourism Board र TikTok सँगको सहकार्यमा ४ सय सहभागीका लागि "Travel Content Creation Workshop for Tourism" आयोजना ।

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०
info@tourism.gov.np




१२. पोखरा, भरतपुर महानगरपालिका र लुम्बिनी सांस्कृतिक नगरपालिकासँगको सहकार्यमा “Silver Triangle Promotion” प्रवर्धन कार्यक्रम आयोजना।




१३. मन्त्रालय, सरोकारवाला निकाय र निजी क्षेत्रको सहकार्यमा मे २९ मा **अन्तर्राष्ट्रिय सगरमाथा दिवस भव्य रुपमा आयोजना।**

+९७७-१-४२११६३५, ४२११८७१, ४२११८७०
info@tourism.gov.np




१४. कीर्तिमानी आरोहीहरु कामीरिता शेर्पा, लाक्पा शेर्पा, पूर्णिमा श्रेष्ठ लगायतलाई सम्मान।




१५. Everest Summiteers Summit मा १ सय २० विदेशी सगरमाथा आरोहीको सम्मान।




१६. विमानस्थलमा **स्तनपान कक्ष, वृद्ध तथा अशक्त यात्रु सहायता सेवा र बिरामी हेरचाह कक्षको व्यवस्था** गरिएको ।




१७. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायत अन्तर्राष्ट्रिय तथा आन्तरिक विमानस्थलहरुको **सरसफाइमा गुणात्मक सुधार** गरिएको ।

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०

info@tourism.gov.np



१८. युरोपेली सङ्घको Air Safety List बाट नेपाललाई हटाउन EU Regional Safety Program अन्तर्गत आवश्यक प्रक्रिया अघि बढाइएको।



१९. बागमती पारी पन्ध्र शिवालय क्षेत्रमा सञ्चालन भईरहेको आरती कार्यक्रम रामघाट परिसरमा स्थानान्तरण गरी सम्पदा संरक्षण र सुरक्षा सुदृढ गरिएको।

# धन्यवाद !

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
सिंहदरबार, काठमाडौं

+९७७-१-४२११६३५, ४२११८७९, ४२११८७०
info@tourism.gov.np